# तीन वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना
(२०६०–२०६३)

श्री ५ को सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं

# मन्तव्य

वदलिंदो राष्ट्रिय तथा अन्तराष्ट्रिय परिप्रेक्ष्यमा भन्सार प्रशासनलाई सुहाउंदो तुल्याउँदै लैजान र भन्सार प्रशासनले गर्दै आएका कार्यहरूलाई अझ स्पष्ट, पारदर्शी, छिटो छरितो, ग्राहकमुखी तुल्याउँदै आधुनिकीकरणको दिशा तर्फ उन्मुख गराउनका लागि श्री ५ को सरकार ( माननीय अर्थ मन्त्रीज्यू स्तरीय) निर्णयानुसार प्रस्तुत तीन वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना तयार गरिएको हो । हालको परिवर्तित अन्तराष्ट्रिय वातावरण र चुनौतिहरूलाई सामाना गर्न भन्सार प्रशासनमा व्यापक सुधार तथा आधुनिकीकरण अत्यावश्यक भएको सन्दर्भमा यस कार्ययोजनाको कार्यान्वयनबाट नेपालको भन्सार प्रशासनमा सुधार आई अन्तराष्ट्रिय व्यापारको अभिवृद्धि हुने र राजश्व संकलनमा अझ वृद्धि हुनेछ भन्ने विश्वास लिएको छु ।

यो कार्ययोजना आर्थिक वर्ष २०६०।०६१ बाट सुरूवात भइसकेको र हाल एक वर्ष व्यतित भइसकेको छ । यस पुस्तिकामा सुधार योजनाको आवश्यकता र सुधार योजनाले तय गरेको तीन वर्षे कार्यक्रमलाई समावेश गरिएको छ । साथै विगत एक वर्षको प्रगति प्रतिवेदन र दोश्रो वर्षको चौमासिक कार्य विभाजन योजना समेत यसमा समावेश गरिएको छ । यस पुस्तिकाले भन्सार प्रशासनको सुधार सम्बन्धमा सरोकार राख्ने सवै सम्बद्ध व्यक्ति, संघ-संस्थाहरू र सर्वसाधारण सवैको जिज्ञासालाई समाधान गर्नेछ भन्ने विश्वास लिएको छु ।

(कृष्णहरि बास्कोटा)
महानिर्देशक

विषय–सूची

पेज नं.

मन्तव्य

१. तीन वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना :

(क) आधारपत्र

(ख) कार्यक्रम तालीका (२०६० - २०६३)

(ग) पहिलो वर्ष (२०६०।२०६१) को कार्यक्रम र प्रगति विवरण

(घ) दोश्रो वर्ष (२०६१।२०६२) को कार्यक्रम (चौमासिक विभाजन समेत)

श्री ५ को सरकार
अर्थ मन्त्रालय
भंसार विभाग

# तीन वर्षे भंसार सुधार तथा आधुनिकीकरण कार्ययोजना

## १. पृष्ठभूमि :

आर्थिक वर्ष २०६०।०६१ को वजेट वक्तव्यमा भंसार सुधार सम्वन्धी तीन वर्षे योजना तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यक्रम उल्लेख गरिएको छ । यस कार्यक्रमलाई कार्यान्वयन गर्न भंसार सुधार तथा आधुनिकीकरण कार्ययोजना (Cutoms Reform and Modernization Action Plan) तयार गरिएको हो । यस कार्ययोजनाले सुधार किन, के, कसरी र कस्ले भन्ने प्रश्नलाई समेटने क्रममा सुधारको आवश्यकता, सुधारका क्षेत्रहरू, तीन वर्षे विस्तृत योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया, अनुगमन तथा मूल्यांकनका आधार र दीगो सुधारलाई सुनिश्चित गर्न सस्थांगत व्यवस्थालाई समेटेको छ । साथै तीन वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजनामा यसमा उल्लेखित कुराहरूका अलावा विश्व बैंकले अध्ययन गरी दिएको Trade and Competitiveness Study नामक मस्यौदा प्रतिवेदन र अन्तराष्ट्रिय मुद्रा कोषले अध्ययन गरी दिएको Next Step in Tax Reform नामक प्रतिवेदनले औंल्याएका कुराहरूलाई पनि समावेश गरिएको छ ।

## २. भंसार सुधार तथा आधुनिकीकरणको आवश्यकता किन ?

भंसार प्रशासनमा सुधारको आवश्यकतालाई राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशले दिशा निर्देश गरेको छ । राष्ट्रिय परिवेशका सन्दर्भमा विभिन्न कारक तत्व उल्लेख गर्न सकिन्छ । प्रथमतः भंसार प्रशासनले कूल कर राजस्वको ५० प्रतिशत भन्दा वढी राजस्व असुल गर्ने भएकाले आन्तरिक राजस्व संकलनमा वृद्धि गर्न तथा यसलाई व्यवस्थित तुल्याउन भंसार प्रशासनमा समायानुकूल परिवर्तन अपरिहार्य भएको हो । दोश्रो, भंसार प्रशासनको कार्य सम्पादन र राजस्व प्रशासनमा कार्यरत राष्ट्रसेवक कर्मचारीको आचरणमा नागरिक समाजले उठाएको प्रश्नचिन्हले भंसार प्रशासनलाई ग्राहकमुखी संस्थाका रूपमा विकसित गर्नुपर्ने आवश्यकता महसुस भएको छ । तेश्रो, भंसार प्रशासनले व्यापार सरलीकरणमा संवाहकको भुमिका निर्वाह गर्नु पर्ने भएकाले पनि सुधार अपरिहार्य भएको छ । चौथो, भंसार आधुनिकीकरणको थालनी सन् १९९६ देखि आशिकुडा आयोजनाले चारवटा भंसार कार्यालयहरूलाई कम्प्युटरकृत गर्ने प्रक्रियावाट शुरू गरिएको हो, तर यान्त्रिकरणलाई छुट्टे (Isolated) कार्यक्रमका रूपमा संचालन

गरिदां अपेक्षित प्रतिफल हासिल हुन नसकेको समेत अनुभव गरिएको छ[1] । साथै, दीर्धकालीन सुधारको आवश्यकतालाई Strategic Planning of Ministry of Finance (2001) र श्री ५ को सरकार वित्तीय सुधार कार्यदलको प्रतिवेदन (२०५९) समेतले मुखरित गरेको छ । र, हाल आएर चालु आर्थिक वर्षको वजेट वक्तव्यमा तीन वर्षे योजना तर्जुमा गरी विशेष भंसार सुधार योजना लागू गर्ने प्रतिवद्धता जाहेर गरिएकाले भंसार सुधार तथा आधुनिकीकरणको प्रक्रियालाई योजनावद्ध ढंगले अघि वढाउने एकीकृत सोचलाई मुर्तरूप दिनुपर्ने भएको छ ।

अन्तराष्ट्रिय परिवेशका सन्दर्भमा विभिन्न समयमा अन्तराष्ट्रिय संघ सस्थाले तयार गरेका प्रतिवेदनहरू[2], विश्व व्यापार संगठन र विश्व भंसार संगठनको सदस्यका हैसियतले निर्वाह गर्नुपर्ने भूमिका, विश्व आतंकवादलाई नियन्त्रण गर्ने चुनौति, कोलम्वस धोषणा पत्रले समावेश गरेका भंसार सुधारका सिफारिसहरू र भंसार सरलीकरणका माध्यमले अन्तराष्ट्रिय वजारमा नेपाली वस्तुको पहुंच विस्तार गर्ने पक्षहरूले भंसार सुधार र आधुनिकीकरणँलाई निर्देशित गरेका छन् ।

## ३. के गर्ने ?

### सुधार र आधुनिकीकरणँका विविध पक्षहरू :

भंसार आधुनिकीकरण र सुधारको पक्षहरूको पहिचान माथि उल्लेखित प्रतिवेदनहरू र वजेट वत्तव्यमा उल्लेखित कार्यक्रमले गरेका छन् । यस अनुसार मूल्यांकन प्रणालीमा सुधार, भंसार सरलीकरणँ र भंसार प्रक्रियाहरूको Harmonization , भौतिक पुर्वाधार विकास, जोखिम विश्लेषण, Customs Integrity, यात्रु जांच प्रक्रियामा सुधार र तालीम विशेष रूपमा उल्लेख गरिएका सुधारका पक्षहरू हुन् । सुधार गर्नुपर्ने कुराहरू संक्षेपमा देहाय बमोजिम उल्लेख गरिएका छन् । सोही आधारमा तयार गरिएको विस्तृत कार्ययोजना तालीका यसैसाथ संलग्न गरिएको छ ।

### ३.१ मूल्यांकन प्रणालीमा सुधारः

भंसार प्रशासन समक्ष मालवस्तुको यथार्थ मूल्यांकन सदैव मुख्य चुनौतीको विषय भएको छ । विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूले ग्याट मूल्यांकन

---

[1] R.Filmer. ले Customs Administration: impediment to trade and investment' (2003), पतिवेदनमा उल्लेख गरेका,

[2] Please refer reports 'Next step in Tax Reform' (2003), IMF, Preliminary report, 'Diagnostic Trade Integration Study' (2002), World Bank, 'Customs Administration: impediment to trade and investment' (2003), R.Filmer.

संभ्मौतालाई मालवस्तुको मूल्यांकनको आधार वनाउनु पर्ने वन्धनकारी व्यवस्था छ । ग्याट मूल्यांकन संभ्मौताले मालवस्तुको मूल्य पैठारीकर्ताले तिरेको वा तिर्नुपर्ने रकमलाई जनाउंछ । यस व्यवस्था अन्तरगत भंसारले साधारणतया मालवस्तुको मूल्य निर्धारण गर्न सक्दैन । तर मनासिव माफिकको कारण देखिएमा पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई भंसार प्रशासनले अमान्य धोषित गरी वैकल्पिक मापदण्डका आधारमा मूल्य कायम गर्न सक्दछ । यस्ता वैकल्पिक मापदण्डका आधारहरू पनि स्पष्ट तोकिएका हुनाले भंसार प्रशासनको मनोमानी हुने गुंजायस रहदैन । ग्याट मूल्यांकन संभ्मौताले वस्तु मूल्यांकनमा तटस्थताको नीतिलाई प्रत्याभूति गर्ने हुनाले मूल्यांकन पद्धति बढी पारदर्शी हुने देखिन्छ । भंसार आधुनिकीकरणको प्रक्रियामा भंसार प्रशासनले तथ्यगत जानकारीको उपयोग गर्दै ग्याट मूल्यांकन पद्धतिको उपयोग गर्न आवश्यक देखिन्छ ।

मूल्यांकन पद्धतिलाई ग्याट मूल्यांकन पद्धतिको समकक्ष पुर्याउन नेपाल प्रयासरत रहेको छ र तदनुरूप ऐन र अध्यादेशमा ग्याट मूल्यांकन पद्धतिका नियमहरू समावेश गराउदै पनि आएको छ । तर विश्व भंसार संगठनको सदस्य भएपछि ग्याटका प्रावधान वन्धनकारी हुने भएकाले नेपालले ऐन नियममा थप गर्नु पर्ने वा मिलान गर्नु पर्ने र त्यसको सफल कार्यान्वयनमा अवलम्वन गर्नुपर्ने उपायहरू समेतको अध्ययन गर्नु आवश्यक देखिएको छ, जो निम्नाअनुसार रहेका छन् :

- WTO Valuation Agreement का प्रावधानहरू समाविष्ट ऐंन कानून तर्जुमा गर्ने, न्यून विजकीकरणको समस्यालाई निराकरण गर्न मालवस्तुको मूल्य सम्वन्धी DATA BASE तयार गर्ने ।
- प्रभावकारी अन्तर भंसार सूचना प्रवाहको विकास गर्ने, संगठनात्मक परिवर्तन गरी जिल्ला स्थित कार्यालय र विभागमा प्रभावकारी जांचापास पश्चात मूल्यांकन गर्ने शाखा स्थापना गर्ने ।
- जोखिम विश्लेषणमा आधारित जांचापास पश्चात मूल्यांकन पद्धतिको विकास गर्ने, कर्मचारीलाई मूल्यांकन सम्वन्धी गहन तालीम दिने ।

## ३.२. <u>भंसार सरलीकरणँ र भंसार प्रक्रियाहरूको Harmonization :</u>

भंसार सरलीकरणको अपेक्षित स्तरलाई क्योतो कन्भेनशनले निर्दिष्ट गरेको छ । क्योतो कन्भेनशन सन् १९७४ मा पारित भएको र प्रथम संशोधन २६ जुन १९९९ मा भएको छ । प्रथम संशोधनको कार्यान्वयन हुन सुन १९७४ मा कन्भेन्सनमा हस्ताक्षर गर्ने राष्ट्र मध्ये ४० राष्ट्रले अनुमोदन गर्नु पर्ने प्रावधान रहेकाले हाल अनुमोदनको प्रक्रियामा रहेको छ । नयां क्योतो कन्भेन्सनले भंसार प्रशासनलाई २१ सौ शताव्दीको व्यापार विविधिकरणमा आउनसक्ने चुनौतीहरूको सामना गर्न भंसार सरलीकरण सम्वन्धी विभिन्न प्रावधान राखेको छ । यसको मूलभूत विशेषतामा सूचना प्रविधिको

अधिकतम प्रयोग, भंसार प्रक्रियामा सरलीकरण र निजी क्षेत्र संग साफेदारी रहेका छन् । भंसार प्रशासनले उपयुर्क्त उद्धेश्यका पूर्तिका लागि स्वचालित प्रणालीको विकास गर्नु पर्ने, जोखिम विश्लेषण पद्धति अपनाउनु पर्ने, अग्रिम धोषणा गर्नु पर्ने, विद्युतीय संचारवाट रकम स्थानान्तरण हुनु पर्ने, भंसार ऐन, नियम निर्माणमा सम्वन्धित पक्षको पहुंच हुनु पर्ने, अपिलको व्यवस्था हुनु पर्ने र व्यापारिक समुदाय र भंसार प्रशासनवीच औपचारिक सम्पर्क रहनु पर्ने पक्षलाई महत्व दिएको छ । यी पक्षहरू वन्धनकारी समेत हुने भएवाट भंसार प्रशासन वढी ग्राहकमुखी हुने संभावनालाई नयां क्योतो कन्भेनसनले वल प्रदान गरेको छ । नेपालले यो अभिसन्धिमा हस्ताक्षर गरेको छैन्, तर आफ्ना नियम कानूनमा यसका सान्दर्भिक प्रावधानलाई समावेश गराउदैं आएको छ । नेपालको अवको आवश्यकता भनेको नयां भंसार ऐनको तर्जुमा गरी क्योतो कन्भेन्शनले निर्दिष्ट गरेका पक्षहरूलाई समावेस गर्नु देखिएको छ, जस्मा निम्न कुराहरू पर्दछन् :

- New Kyoto Convention मा उल्लेखित प्रावधानको तुलनात्मक विवेचना गरी सरल र पारदर्शी तवरमा ऐन कानूनमा समाविष्ट गर्ने,
- राष्ट्रिय आवश्यकता अनुसार दिईएका सुविधाहरू र अवलम्वन गरिएका प्रक्रियाहरूलाई सरल र स्पष्ट वनाउने,
- न्युनतम कागजात संलग्न गर्नुपर्ने व्यवस्था गर्ने,
- छरिएर रहेका परिपत्रहरूलाई समुहकृत गरी सर्वसाधारणको पहुचमा पुर्‍याउने,
- भंसारसंग सम्वन्धित ऐन, कानूनहरू संग्रह गरी निर्देशिका प्रकाशन गर्ने,
- भंसार प्रशासनको Website तयार गरी सर्वसाधारणलाई भंसार सम्वन्धी अध्यवधिक जानकारी उपलव्ध गराउने,
- भंसारको संगठनात्मक संरचना भित्र ग्राहक सेवा इकाई गठन गर्ने, सम्वद्ध कर्मचारीलाई भंसार जांचपास सम्वन्धी गहन तालीम निरन्तर प्रदान गर्ने ।

## ३.३. <u>यान्त्रिकीकरण :</u>

नेपालमा आशिकुडा आयोजनाको थालनीसंगै यान्त्रिकीकरणको अभियान शुरू भएको हो । सन् १९९६ मा एशियाली विकास वैंकको अनुदान सहयोगमा UNCTAD आशिकुडालाई त्रिभुवन विमानस्थल भंसार कार्यालयको गोदाम नं.२ र विभागमा लागू गरेको थियो । यसको दोश्रो चरणँमा विश्व वैंकको ऋण सहयोगमा त्रि.वि. भन्सार कार्यालयको गोदाम नं.१ र ३, वीरगंज, भैरहवा र विराटनगरमा विस्तार भएको छ । आशिकुडा आयोजनाले नयां भंसार प्रज्ञापन पत्रको प्रयोग, मालवस्तु जांचपासका चरणहरूको कार्यान्वयन, कम्प्यूटरकृत पद्धतिवाट महसुल गणना र प्रज्ञापन पत्रको प्रशोधन गर्दै आएको छ । आशिकुडा सम्बन्धी Software को विकास UNCTAD ले विश्वव्यापी रूपमा विकास गरेको Software भएकाले नेपालको सम्वन्धमा यसलाई

पूर्ण रूपमा लागू गर्न केही सीमाहरू देखिएका छन् । साथै, हाल आएर अन्तराष्ट्रिय विशेषज्ञको अध्ययनमा आशिकुडा आयोजनालाई वृहत सुधार कार्यक्रमको एक अंगको रूपमा विकसित गर्नुपर्ने र आशिकुडाले समेट्न नसकेका क्षेत्रहरूलाई समेत अलग Software विकास गरी यान्त्रिकीकरणँलाई पूर्णता दिनुपर्ने खांचो देखिएको छ, जसमा निम्न कुराहरू पर्दछन् :

- आशिकुडालाई समग्र यान्त्रिकीकरणँको दृष्टिवाट मूल्यांकन गर्ने र विस्तार सम्वन्धी नीति तय गर्ने,
- विद्युत्तिय माध्यमवाट प्रज्ञापन पत्र दर्ता गर्ने लगायतका कार्यलाई कानूनी दायरामा ल्याउन कानूनी व्यवस्था गर्ने,
- आशिकुडाले नसमेटेका भंसार प्रक्रियाहरूका लागि अलग Software विकास गर्न विभाग र जिल्लास्तरमा अध्ययन गरी परिमार्जन गर्ने,
- संगठनात्मक संरचनामा परिवर्तन गरी विभागमा तथ्यांक प्रशोधन र प्रकाशन गर्न सक्षम जनशक्ति तयार गर्ने ।

## ३.४. <u>छनौट प्रणाली लागू गर्ने :</u>

भंसार जांचपासलाई छिटो, छरितो तवरमा सम्पन्न गर्न विश्वव्यापी रूपमा छनौट प्रणालीमा आधारित जांचपास प्रणालीलाई अवलम्वन गरिदै आएको छ । हाल सवै जसो देशहरूले कुल निकासी पैठारीको १० प्रतिशत भन्दा कम प्रज्ञापन पत्रको मात्र भौतिक परीक्षण गर्ने गरेका छन् । जापान, सिंगापुर जस्ता देशहरूले ५ प्रतिशत भन्दा कम प्रज्ञापन पत्र भंसार विन्दूमा भौतिक परीक्षण गर्दछन्, तर यस्तो प्रकारको भौतिक परीक्षण मालवस्तुको जोखिम विश्लेषणका आधारमा गरिन्छ । साथै यी देशहरूले जांचपास पछिको मूल्यांकनवाट नियन्त्रण पक्षलाई सुदृढ वनाउने रणनीति लिएको देखिन्छ । छनौट प्रणँलीको प्रभावकारी कार्यान्वयन गर्नका लागि जोखिम विश्लेषण गर्न सक्षम जनशक्ति सहितको स्थायी संगठनात्मक संरचनाको विकास सवैजसो देशमा गरिएको छ ।

नेपालमा जोखिम व्यवस्थापनको सन्दर्भमा हाल एक अध्ययन भै रहेको र सो को प्रतिवेदनका आधारमा छनौट प्रणँलीलाई कार्यान्वयन तहमा लैजान के कस्ता अप्ठ्यारा रहेका छन्, सो सम्वन्धमा समेत अध्ययन गरी छनौट प्रणालीलाई लागू गर्न जरूरी भएको छ, जस्मा निम्न कुराहरू पर्दछन् :

- भंसार विभागको संगठनात्मक संरचनामा सुधार गरी जोखिम विश्लेषण शाखा गठन गर्ने,

- जोखिक विश्लेषणको आधार, मापदण्ड र तरीका तय गर्ने अधिकार भंसार महानिर्देशकमा रहने गरी कानून परिमार्जन गर्ने,
- जोखिमका क्षेत्रहरू पहिल्याउने र विवरण अध्यावधिक गर्ने,
- कार्यालयहरूलाई समय समयमा जोखिम सम्वन्धी जानकारी उपलव्ध गराउने,
- जोखिम विश्लेषण सम्वन्धी तालीम प्रदान गर्ने ।

## ३.५. <u>भौतिक पुर्वाधार विकास</u>

भंसार सरलीकरणको सवालमा भौतिक पूर्वाधारको अहं भूमिका रहेको हुन्छ । विश्वका सवै प्रभावकारी भंसारहरू Laboratoy, X-ray, Weighting Bridge, Crain and Fork lift Truck, Container Scanner, Ware house र उपयुक्त भंसार जांचपास कक्षवाट सुसज्जित देखिन्छन् ।

नेपालमा भौतिक संरचनाको लेखा जोखा गर्दा हाल भंसार प्रशासनसंग वीरगंज, भैरहवा, विराटनगरमा सुख्खा वन्दरगाह र विमानस्थलमा Cargo Complex उल्लेखनीय संरचनाका रूपमा देखिएका छन् । तर, सवैजसो भंसार कार्यालयहरूमा भौतिक पूर्वाधारको अभावमा भंसार सुविधा अति न्यून स्तरमा देखिएका छन् । यसर्थ, भंसार प्रशासनलाई आवश्यक न्यूनतम सुविधाहरूको लेखाजोखा गरी भंसारलाई साधन सम्पन्न वनाउन सकिएमा भंसार जांचपास र नियन्त्रणको पक्ष सुदृढ हुने देखिएको छ, जसमा निम्न कुरा समेटिनु पर्दछ :

- न्युनतम ७ भंसार कार्यालयहरू ( वीरगंज, भैरहवा, त्रि.वि.स्थल, विराटनगर, मेची, नेपालगंज र कृष्णनगर भंसार कार्यालय) र विभागको भौतिक संरचना लेखाजोखा गरी वजेट अनुमान गर्ने,
- मूल तथा छोटी भंसार कार्यालयहरूको पुनरसंरचना गर्नु पर्ने, ( Profile तयार गर्ने ) ।

## ३.६. <u>Customs Integrity</u>

भंसार प्रशासनमा सच्चरित्रता र इमानदारीताको विषय पनि मूल मूद्धाको रूपमा अघि वढेको छ । सन् १९९३ को आरूसा घोषणा पत्रले यस सन्दर्भमा मार्गदर्शन गर्दछ । आरूसा धोषणापत्रले भ्रष्टचार मुक्त भंसार प्रशासनको विकास गर्न १२ वुंदाहरूलाई भंसार प्रशासनले आत्मसात गर्नु पर्ने सिफारिश गरेको छ । यसमा भंसारका ऐन, कानून सरल र स्पष्ट हुनुपर्ने, भंसार प्रक्रिया सरल हुनुपर्ने, स्वचालित प्रक्रियाले प्राथमिकता पाउनुपर्ने, कर्मचारीको कार्य विभाजन हुनुपर्ने, आन्तरिक र वाह्य लेखा परीक्षण हुनुपर्ने, वढुवा र पदोन्नति वस्तुपरक हुनुपर्ने, आचार संहिताको पालना हुनुपर्ने, कर्मचारीलाई

सच्चरित्रता सहितको विषयगत तालीम दिईनु पर्ने, पर्याप्त सुविधाको व्यवस्था हुनुपर्ने र भंसार प्रशासनको भंसारका एजेण्ट र व्यापारिक समुदाय संग पारदर्शी सम्वन्ध हुनुपर्ने विषयहरू उल्लेखित छन् ।

नेपालमा अर्थ मन्त्रालयले केही समय अघि कर्मचारीको आचार संहितालाई प्रकाशमा ल्याई कार्यान्वयन गर्ने दृढता जाहेर गरेको छ । तर, भंसार प्रशासनलाई वदलिदो परिवेशमा समय साक्षेप ढंगले अघि वढाउनका लागि स्वच्छ कर्मचारी प्रशासनको विकास गर्न जरूरी भएको र सो का लागि माथि उल्लेखित पक्षहरूलाई सवोंधन गर्ने सुधारका कार्यक्रम लागू गर्न आवश्यक देखिन्छ, जस्मा निम्न कुराहरू पर्दछन् :

- भंसार संगठन र दरवन्दीलाई वदलिदो परिवेशमा विद्यमान अवसर र चुनौतिलाई संवोधन गर्न सक्ने गरी पुनरसंरचना गर्ने,
- आरूसा घोषणा पत्रले निर्दिष्ट गरेका पक्षहरूलाई भंसार प्रशासनको मार्गदर्शनको रूपमा कार्यान्वयन तहमा ल्याउन व्यवस्था मिलाउने,
- कर्मचारीहरूको कार्यसम्पादन परिसूचकहरूको विकास गरी कार्यान्वयन गर्ने,
- भंसार विभागको प्रभावकारिताको आधार संलग्न २५ वटा परिसूचकलाई वनाउने,
- व्यापारिक संघ संस्थासंग सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर गरी विश्वासको वातावरण अभिवृद्धि गर्ने ।

### ३.७. यात्रु जांचपास प्रणालीमा सुधार :

यात्रु जांचपास प्रक्रियालाई कसिलो नियन्त्रण र सुविधाजनक सेवा वीच सन्तुलन कायम राख्न Intelligence मा आधारित यात्रु जांचपास प्रणालीको विकास गर्नुपर्ने देखिएको छ, जस्मा निम्न कुराहरू पर्दछन् :

- त्रि.वि.स्थल भंसार कार्यालयको यात्रु आवागमन कक्ष र जिल्लास्थित मुख्य भंसार कार्यालयको यात्रु शाखामा अध्यागमनसंग समन्वय गरी यात्रु जांचपास प्रक्रियाको Sorftware वनाई कम्प्युटरकृत गर्ने,
- यात्रु जांसपास कक्षलाई न्युनतम भौतिक उपकरणहरू उपलव्ध गराउने ।

### ३.८. तालीमः

भसांर जांचपास प्रक्रिया सदैव शकांको घेरामा रहेको कुराको पुष्टी समय समयमा गठन गरिएका आयोग र पत्र पत्रिकामा प्रकाशित लेखहरूले गर्दै आएका छन् । भसार कार्यालयहरूले सामान जाचपास कममा ५११३ वस्तु वर्गिकरण मध्येबाट संकेत नंम्वर यकिन गरी महसुल निर्धारण गर्दा आर्थिक ऐन, भसांर ऐन, भसांर नियमावली, भ्फिटी गुण्टा भारी नियम, वाणिज्य मन्त्रालयको २०४९/८/१५ को निकासी पैठारी सम्बन्धी सूचना लगयत विभिन्न मितिमा प्रकाशित राजपत्रका सूचनाहरू, मूल्य अभिवृद्धि कर लगाउने र असुल उपर गर्ने व्यवस्था गर्न बनेको ऐन र नियमावली, निकासी पैठारी (नियन्त्रण) ऐन र नियमहरू, विदेशी विनिमय (नियमित गर्ने) ऐन र नियमहरू, नेपाल सवारी प्रदुषण मापदण्ड, उपभोक्ता संरक्षण सम्वन्धी ऐन, खाद्य ऐन, वाणिज्य सन्धीहरू, गृह मन्त्रालयको परिपत्र, बन मन्त्रालयको परिपत्र लगायत अर्थ मन्त्रालय र भसांर विभागले जारी गरेका ३०० भन्दा वढी परिपत्रहरूलाई समेत ध्यान दिनु पर्ने यथार्थता छदैछ । यस परिस्थितिमा भंसारमा कार्यरत कर्मचारीहरूलाई सेवा प्रवेश र निरन्तर पुनर्ताजगी तालीमको व्यवस्था गर्न अपरिहार्य देखिएको छ । तसर्थ, भंसार आधुनिकीकरणको सन्दर्भमा कर्मचारीले अनिवार्य रूपले लिनुपर्ने न्युनतम तालीमको निर्क्योल समेत हुनु पर्ने देखिएको छ, जस्मा निम्न कुराहरू पर्दछन् :

- भंसार कार्यालयको समष्टीगत आवश्यकताको आंकलन गरी दीर्धकालीन तालीम कार्यकम तर्जुमा गर्ने,
- तालीम कार्यकमका आधारमा स्वदेशी तथा विदेशी संघ सस्थावाट तालीमको प्रवन्ध मिलाउने ।

## ४. <u>कसरी गर्ने</u> ?

### <u>योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया :</u>

भंसार सुधार र आधुनिकीकरणको प्रक्रियालाई सुनियोजित तवरले कार्यान्वयन गर्न चरणवद्ध कार्यक्रम संचालन गर्नु पर्दछ । विस्तृत योजना तर्जुमा गर्ने प्रक्रियामा स्थलगत अध्ययन र अन्तरक्रिया कार्य गरी भौतिक साधन र श्रोतको लेखा जोखा सम्पन्न गर्नु पर्ने हुन्छ । साधन र श्रोतको आंकलन गरेपछि प्रारम्भिक कार्य योजनालाई परिमार्जन गरी योजनालाई अन्तिम रूप दिई अर्थ मन्त्रालयवाट सहमति र स्वीकृति लिने कार्य सम्पन्न गर्नु पर्ने हुन्छ । यसरी तर्जुमा गरिएको विस्तृत योजना कार्यान्वयन गर्न वजेटको व्यवस्थाका लागि पहल गर्ने र साधन श्रोतको व्यवस्था भएपछि योजना कार्यान्वयनको प्रक्रियामा प्रवेश गर्न सकिने छ । केही कार्यक्रमहरू विद्यमान संरचना र वजेट व्यवस्थावाटै सम्पन्न गर्न सकिने देखिएकोमा तत्कालै शुरू गर्न सकिने छ । योजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्यांकनको ठूलो भूमिका रहने भएकाले कार्ययोजना र Logical Framework को निरन्तर पुनरावलोकन र परिमार्जन गरिनु पर्दछ । कार्ययोजनाले कार्य प्रगतिको स्तरलाई अनुगमन गर्न सहयोग पुर्‍याउंछ भने Logical Framework ले कार्यक्रमको प्रभावकारीता र योजना कार्यान्वयनमा वाह्य कारक तत्वले पार्न सक्ने असरवाट अग्रिम रूपमा सतर्क गराउन सहयोग पुर्‍याउंछ । कार्ययोजना र Logical Framework को प्रारम्भिक मस्यौदा अनुसुचीमा संलग्न छ, जस्मा निम्न कुरा पर्दछन्:

- विभागीयस्तरमा अन्तरक्रिया गरी अवधारणा पत्रलाई अन्तिमरूप दिने,
- प्रश्नावलीको प्रयोग गरी सम्वद्ध पक्षवाट सुधारका थप क्षेत्र पहिचान गरी आधारपत्र परिमार्जन गर्ने,
- स्थलगत अध्ययन र अन्तरकृया कार्य गरी भौतिक साधन र श्रोतको लेखाजोखा सम्पन्न गर्ने,
- प्रारम्भिक कार्य योजना लाई परिमार्जन गर्ने,
- विस्तृत  तीन वर्षे योजनालाई अन्तिम रूप दिने,
- विस्तृत योजना कार्यान्वयन गर्न वजेटको व्यवस्थाका लागि पहल गर्ने,
- योजना कार्यान्वयन गर्ने,
- कार्ययोजना र Logical Framework को निरन्तर पुनरावलोकन र परिमार्जन गर्ने ।

## ५. कस्ले गर्ने ?

### कार्यान्वयन प्रक्रियाः

सुधार र आधुनिकीकरण प्रक्रियालाई सफल कार्यान्वयन गर्न संगठनात्मक स्वरूपले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कर्मचारीतन्त्र विशेषताले नै पद-सोपान, कानूनी संजाल र निश्चित कार्य संस्कृतिवाट निर्देशित हुने भएकाले परिवर्तनकारी योजना तर्जूमा र कार्यान्वयन गर्न कर्मचारीतन्त्रको संरचना भित्र नै परिवर्तनपेक्षी संगठनात्मक ढांचाको विकास गर्नु आवश्यक देखिन्छ । भंसार सुधार तथा आधुनिकीकरण योजना पनि परिवर्तनपेक्षी कार्यक्रम भएकाले योजना तर्जुमा देखि मूल्यांकनको अवधिसम्म भंसार विभागमा एक अलग भंसार सुधार तथा आधुनिकीकरणँ इकाई गठन गर्न प्रस्ताव गरिएको छ । यस इकाईलाई भंसार विभागका महानिर्देशकले मार्गदर्शन गर्ने र नेतृत्व भंसार विभागका उपमहानिर्देशकले गर्ने प्रस्ताव गरिएको छ । उपमहानिर्देशकलाई सहयोग गर्न एक भंसार सम्वन्धी राष्ट्रिय विशेषज्ञले समन्वयकर्ताको कार्य गर्ने छन् । राष्ट्रिय विशेषज्ञले भंसार विभाग र अन्य सम्वद्ध निकाय वीच सेतुको कार्य गरी भंसार सुधार र आधुनिकीकरणलाई ग्प्रहकमुखी वनाउन प्रभावकारी भूमिका निर्वाह गर्नेछन् । स्वदेशी विशेषज्ञलाई अन्तराष्ट्रियस्तरमा भएका भंसार सुधार र आधुनिकीकरण सम्वन्धी मार्गदर्शन दिन विश्व भंसार संगठनवाट अल्पकालीन विशेषज्ञ सेवा लिनुपर्ने देखिन्छ । यसै गरी, यस इकाईमा उद्योग वाणिज्य क्षेत्र सगं सम्वद्ध निकाय र उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट एक, एक जना सम्पर्क अधिकृत रहने प्रस्ताव गरिएको छ । विभागिय स्तरमा कार्य सम्पादन गर्न भंसार विभागका दक्ष एक जना अधिकृत स्तरका कर्मचारी र एक जना कम्प्युटर अधिकृत पूर्णकालीन हैसियतमा रहने छन् र एकजना रा.प.अनं. प्रथम (राजस्व) तहका र एक जना कम्प्युटर सहायक समेत यस इकाईमा रहने प्रस्ताव गरिएको छ । यसका अतिरिक्त इकाईले आवश्यक ठानेका विज्ञ, कर्मचारीलाई आवश्यकता हेरी सेवा लिन सक्ने प्रस्ताव गरिएको छ । यस स्वरूपले एकातिर समन्वयकर्तामा राष्ट्रिय विशेषज्ञको व्यवस्था गरी पद सोपानलाई खुकुलो र परिवर्तनपेक्षी वनाउने अपेक्षा गर्न सकिन्छ भने, अर्को तर्फ अन्तराष्ट्रिय विशेषज्ञको सेवाले भंसार प्रशासनलाई अन्तराष्ट्रिय मापदण्डको वनाउन मार्गदर्शन दिन सक्नेछ । साथै, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय र व्यापारिक समुदायको प्रतिनिधित्वले सुधार प्रक्रियालाई वढी पारदर्शी र Intergrated सोचमा अधि वढाउन सहयोग पुर्‍याउने अपेक्षा गर्न सकिन्छ ।

## ६. सुधार र आधुनिकीकरणको दीगोपन

सुधार र आधुनिकीकरणँको प्रक्रियालाई दीगो रूपमा स्थापित गर्ने योजनाको समापन पछि क्रियाशील हुने गरी भंसार विभागको संरचना भित्र नै सूचना, प्रविधि, योजना तथा तथ्यांक शाखाको व्यवस्था गर्ने र भंसार सुधार तथा आधुनिकीकरण इकाईलाई सूचना, प्रविधि, योजाना तथा तथ्यांक शाखामा मिलान गर्नु उपयुक्त हुने छ, यस्मा निम्न कुराहरू पर्दछन् :

- भंसार सुधार तथा आधुनिकीकरणँ इकाई गठन गर्ने,
- राष्ट्रिय विशेषज्ञको नियुक्ति गर्ने,
- विश्व भंसार संगठनवाट विशेषज्ञको अल्पकालीन व्यवस्था गर्ने,
- भंसार विभागको संरचना भित्र भंसार प्रक्रिया सरलीकरणँ शाखाको सृजना गर्ने,
- भंसार सुधार तथा आधुनिकीकरणँ इकाईकलाई सूचना, प्रविधि, योजाना तथा तथ्यांक शाखामा मिलान गर्ने,

## ७. विस्तृत कार्ययोजना :

यसैसाथ संलग्न गरिएको छ ।

# तीन वर्षे भंसार सुधार तथा आधुनिकीकरण कार्ययोजना २०६०

## (Three years Cutoms Reform and Modernization Action Plan)

| सि. नं. | कार्यक्रम शीर्षक | प्रथम वर्ष | वजेट अनुमान रू.हजारमा | व्दितीय वर्ष | वजेट अनुमान रू.हजारमा | तृतीय वर्ष | वजेट अनुमान रू.हजारमा |
|---|---|---|---|---|---|---|---|
| १. | तटस्थ मूल्यांकन कार्यक्रम | 1) तीस मुख्य वस्तुको अन्तराष्ट्रिय मूल्यसूची प्राप्त गर्ने र कार्यालयहरूलाई संप्रेषण गर्ने | नियमित | 1) चालीस मुख्य वस्तुको अन्तराष्ट्रिय मूल्यसूची थप गर्ने र कार्यालयहरूलाई संप्रेषण गर्ने | नियमित | 1) निरन्तर रूपमा मूल्यसूची प्राप्त गर्ने र कार्यालयहरूलाई संप्रेषण गर्ने | ५० |
| | | 2) मूल्यांकन एकरूपता कायम गर्न भंसार प्रमुखहरूको अन्तरकृया (गोष्ठी) ३ पटक गर्ने | २०० | 2) मूल्यांकन एकरूपता कायम गर्न भंसार प्रमुखहरूको अन्तरकृया (गोष्ठी) ३ पटक गर्ने | २०० | 2) मूल्यांकन एकरूपता कायम गर्न भंसार प्रमुखहरूको अन्तरकृया (गोष्ठी) ३ पटक गर्ने | २०० |
| | | 3) सामान जांचपास पश्चात परीक्षण (Post Clearance Audit) १०२ वटा गर्ने | २०० | 3) सामान जांचपास पश्चात परीक्षण (Post Clearance Audit) १२० वटा गर्ने | २०० | 3) सामान जांचपास पश्चात परीक्षण (Post Clearance Audit) १४० वटा गर्ने | २०० |
| | | 4) आन्तरिक मूल्यांकन विकास र वितरण गर्ने | २० | 4) केन्द्रीय सूचना प्रणालीबाट मूल्यांकन तथ्यांक तयार गरी अन्तर वितरण गर्ने | २० | 4) नियमित रूपमा मूल्यसूची प्रकाशित गराउने | २० |
| | | 5) WTO Valuation Agreement का प्रावधानहरू ऐन नियमको मस्यौदामा समाविष्ट गराउने | नियमित | 5) अन्तर कार्यालय मूल्य सूचना आदान प्रदान गर्ने | ६०० | 5) अन्तर कार्यालय मूल्य सूचना आदान प्रदान गर्ने | ६०० |
| | | 6) अन्तर कार्यालय मूल्य सूचना आदान प्रदान गर्ने | ६०० | 6) सामान जांचपास पश्चात निरीक्षण (Post Clearance Inspection) २५ वटाको गर्ने | १२५ | 6) सामान जांचपास पश्चात निरीक्षण (Post Clearance Inspection) २५ वटाको गर्ने | १२५ |
| | | 7) Identical र Similar goods को नविनत्तम मूल्य थाहा पाउन कार्यालयहरूमा Valuation Database (अभिलेख) को विकास गर्ने | नियमित | 7) मूल्यांकन अनुगमन कार्यलाई यथार्थपरक तुल्याउन सीमित वस्तुहरूको प्रोडक्ट कोड बनाउन अध्ययन गर्ने | ५० | 7) तयार भएका प्रोडक्ट कोड लागू गर्ने र थप प्रोडक्ट कोड तयार गर्दै लैजाने | ५० |
| | | 8) WTO मूल्यांकन प्रणाली कार्यान्वयनमा ल्याउन, मूल्यांकन सूचना प्रणाली (डेटावेश) स्थापना गर्न र Post Release Review लाई कार्यान्वयनमा ल्याउन वैदेशिक प्राविधिक सहयोगका लागि पहल गर्ने | नियमित | 8) मूल्यांकन व्यवस्थालाई प्रभावकारी तुल्याउन मूल्यांकन सम्बन्धी प्रचलन र प्रकृयाहरू समेटेर विस्तृत निर्देशिका तयार गरी भन्सार कर्मचारीहरूलाई उपलब्ध गराउने | ५० | 8) केन्द्रमा सूचना प्रविधि शाखाको सहयोग लिई Valuation Database र Risk Management System को विकास गर्ने | २००० |
| | | 9) विभाग तथा कार्यालयहरूमा मूल्यांकन तथा Post entry valuation section स्थापना गर्ने | नियमित | 9) Post Clearance Audit, Post Clearance Review, Post Entry Verification का लागि छनौट गर्न छनौट प्रकृया र आधारहरू निर्धारण गर्ने, व्यापारी समुदायलाई यसको जानकारी गराउने र यसलाई क्रमशः लागू गर्दै लैजाने | नियमित | 9) PCA, PCR, PEV कार्यलाई निरन्तरता दिने | नियमित |
| | | 10) मूल्यांकन गर्ने जिम्मेवारी तालीम प्राप्त भंसार अधिकृतहरूलाई दिने | नियमित | 10) व्यापक रूपमा तालीम कार्यकमलाई संचालन गर्ने | TA | 10) तालीम कार्यक्रमलाई अझ विस्तार गर्ने | TA |
| | | | १०२० | | १२४५ | | ३२४५ |

**तटस्थ मूल्यांकन कार्यक्रमका लागि अनुमानित खर्च विवरण** :

**पहिलो वर्ष** : (२)मुल्यांकन अन्तरकृया गोष्ठी संचालन गर्न सहभागीहरूलाई भेला गराउंदा दैनिक भ्रमण भत्ता वापत रू २ लाख, (३)पोष्ट ल्कीयरेन्स अडिटका लागि कर्मचारीहरू पैठारीकर्ताको विकी स्थलसम्म जांदा आउंदा लाग्ने दै.भ्रं.भ. वा मोटरको इन्धन वापत लाग्न सक्ने खर्च रू.२ लाख, (४)आन्तरिक मूल्यांकनको सूची तयार गरी कार्यालयहरूलाई वितरण गर्न छपाइ खर्च वापत रू.२० हजार, (६) अन्तर कार्यालय मूल्य सूचना आदान प्रदान गर्न इमेल खर्च ६ लाख गरी रू. १० लाख २० हजार खर्च लाग्ने अनुमान र नियमित लेखिएकोमा नियमित बजेटबाट नै कार्य सम्पन्न हुने भएकोले थप बजेटको आवश्यकता नपर्ने ।

**दोश्रो वर्ष** : पहिलो वर्ष संचालित कार्यक्रमलाई निरन्तरता दिन सोही बमोजिम रू. १० लाख २० हजार, (६) सामान जांचपास पश्चात निरीक्षण कार्यका लागि कर्मचारीहरूलाई निरीक्षण कार्यमा खटाउंदा लाग्ने दै.भ्र.भ. वापत लाग्ने रू. १ लाख २५ हजार, (७) केही वस्तुहरूको प्रोडक्ट कोड तयार गर्न रू.५० हजार, (९) मूल्यांकन निर्देशिका तयार गरी कर्मचारीलाई उपलब्ध गराउन छपाइ खर्च वापत ५० हजार समेत १२ लाख ४५ हजार खर्च अनुमान गरिएको, सो वाहेक अन्य कार्यक्रम नियमित बजेटबाट नै कार्य सम्पन्न हुने ।

**<u>तेश्रो वर्ष</u>** :	दोश्रो वर्ष संचालित कार्यक्रमलाई निरन्तरता दिन सोही बमोजिम १२ लाख ४५ हजार, (१) निरन्तर रूपमा मूल्य सूची कार्यालयहरूलाई सम्प्रेषण गर्न इमेल खर्च ५० हजार, (८) केन्द्रमा मूल्यांकन डाटावेश तयार गर्न अलग सर्भर, कम्प्यूटर र सहायक इकवीपमेण्ट खरीद गर्न २० लाख समेत रू.३२ लाख ४५ हजार बजेट अनुमान गरिएको ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | भंसार प्रकृया सरलीकरण कार्यक्रम | 1) समयवद्ध सामान जांचपास संयन्त्र विकास गर्न र भंसारहरूको भौतिक सुविधाको पुनरसंरचना गरी Layout सुधार गर्न अध्ययन गर्ने | ५० | 1) समयवद्ध जांचपास लागू गरी जांचपासको समय छोट्याउन, भंसार एजेन्ट वा मालधनी र भन्सार कर्मचारीवीच भेटघाट हुन नपाउने गर्न र Declaration Processing Path को पूर्ण पालना गराउन भंसारहरूको भौतिक सुविधाको पुनरसंरचना गरी Layout सुधार गर्ने | ६००० | 1) समयवद्ध जांचपास र Declaration Processing Path लागू गर्ने | नियमित |
| | | 2) भंसार जांचपासमा छनौट प्रणाली लागू गर्न संयन्त्र तयार गर्ने र यो प्रणालीको परीक्षण गर्ने | १०० | 2) भंसार जांचपासमा छनौट प्रणाली प्रमुख ४ भंसारमा लागू गर्ने | नियमित | 2) विभिन्न देशहरूबाट पैठारी हुने मालवस्तुको Effective Rate of Duty स्पष्ट संग भंसार दरवन्दीमा देखिने गरी सरल र पारदर्शी दरवन्दी किताव बनाउने | ५०० |
| | | 3) WCO बाट Explanatory Note को CD उपलब्ध गर्ने | ६० | 3) प्राप्त CD कार्यालयहरूलाई उपलब्ध गराउने | नियमित | 3) छनौट प्रणाली अन्य भन्सारहरूमा विस्तार गर्ने | नियमित |
| | | 4) भंसार ऐन नियमलाई सरल र पारदर्शी तुल्याउन समसामयिक सुधार का साथै Kyoto Convention मा उल्लेखित प्रावधानहरूलाई समेत समाविष्ट गरी भंसार आधुनिकीकरणलाई सहयोग पुग्ने गरी ऐन, नियम संशोधनका लागि मस्यौदा तयार गरी भंसार कानून विषेशज्ञको राय समेत लिएर संशोधनका लागि पेश गर्ने | ५० | 4) बैंक ग्यारेण्टी एवं वण्डेड वेयर हाउस संचालन सम्बन्धमा हालको वदलिंदो परिप्रक्ष्यमा सुहाउंदो नयां व्यवस्था गर्न अध्ययन गरी प्रतिवेदन तयार गर्ने | नियमित | 4) Kyoto Convention मा उल्लेखित प्रावधान अनुरूप भंसार प्रकृयाहरूलाई सरलीकृत गर्ने | १०० |
| | | 5) भंसार सम्बन्धी कानूनहरूको कार्य प्रक्रिया क्रमागत रूपमा व्याख्या सहित निर्देशिकाको विकास गरी लागू गर्ने | ५० | 5) भंसार जांचपास सरलीकरण गर्न थप अध्ययन गर्ने | ५० | 5) बण्डेड वेयर हाउस सम्बन्धमा नयां व्यवस्था लागू गर्ने | नियमित |
| | | 6) भंसार विभागमा ग्राहक सेवा इकाई गठन गर्ने | नियमित | 6) भंसार जांचपासका लागि चाहिने कागजातको आवश्यकतालाई सरलीकृत गर्दै भंसारमा पेश गरिने डकुमेण्ट संख्या घटाउन आवश्यक प्रवन्ध मिलाउने | नियमित | 6) भंसार सरलीकरण कार्यहरूको पुनरावलोकन गरी थप सरलीकरण कार्यहरूको थालनी गर्ने | १०० |
| | | 7) भंसारसंग सम्बन्धित क्रियाकलापहरूमा पर्न सक्ने समस्याहरूलाई समाधान गर्न सम्बन्धित Stakeholder सहित समावेश भएको एक व्यापार सरलीकरण समिति गठन गर्ने | नियमित | 7) नमूना संकलन गर्न र सामान्य वस्तुहरूको तत्काल स्थानीय स्तर मै परीक्षण गर्न वीरगंज भंसारमा सहायक स्तरको कर्मचारी दरवन्दी श्रृजना गर्ने | नियमित | 7) नमूना संकलन गर्न र सामान्य वस्तुहरूको तत्काल स्थानीय स्तर मै परीक्षण गर्न कुनै विराटनगर र भैरहवा भंसारमा सहायक स्तरको कर्मचारी दरवन्दी श्रृजना गर्ने | नियमित |
| | | 8) Hazardous Chemical, अन्य निकायको सिफारिसमा मात्र पैठारी गर्न पाइने केमिकल र सामान्य केमिकल समेतको वर्गीकृत सूची तयार गर्ने, तिनीहरूको HS Code तोक्ने र तिनीहरूको सहज पहिचानका लागि Trade Name र Chemical Name सहितको सूची तयार गरी भंसारहरूलाई उपलब्ध गराउने | नियमित | 8) प्रयोगशाला परीक्षणका लागि नमूना संकलन गर्ने कार्यलाई सहज र वैज्ञानीक तुल्याउन सान्दर्भिक ग्रन्थ एवं विश्लेषण पुस्तकको व्यवस्था गर्ने | ५० | 8) वर्तमान नियन्त्रण व्यवस्थाको पुनरावलोकनबाट प्राप्त नतीजा अनुरूप कार्यलाई निरन्तरता दिने | नियमित |
| | | 9) छरिएर रहेका परिपत्र एवं राजपत्रहरूलाई एकत्रित एवं समूहिकृत गरी पुस्तिका तयार गर्ने र कार्यालयहरूलाई उपलब्ध गराउने | ५० | 9) भंसार एजेण्ट सम्बन्धी निर्देशिका परिमार्जन एवं सुधार गरी कार्यान्वयनमा ल्याउने | १० | | |
| | | 10) वार्षीक वस्तुगत तथ्यांक विवरण वर्णानुक्रम अनुसार तयार गरिरहेकोमा आ.व.२०६०।६१ देखि HS Code को क्रम अनुसार तयार गर्ने व्यवस्था गरी तथ्यांकलाई सरलीकृत गर्ने | नियमित | 10) भंसार प्रशासनको Website तयार गरी सर्वसाधारणलाई भंसार सम्बन्धी अध्यावधिक जानकारी उपलब्ध गराउने | ५० | | |
| | | 11) नियन्त्रण तथा जांचपास प्रक्रियाहरूको सरलीकरण र सुदृढीकरण गर्न, कागजातहरू तथा प्रक्रियागत चरणहरूलाई सरलीकरण गर्न र आधुनिक नियन्त्रण रणनीतिलाई कार्यान्वयनमा ल्याउन वैदेशिक प्राविधिक सहयोगका लागि पहल गर्ने | नियमित | 11) जोखिम निर्धारण गर्ने, छनौट प्रणालीमा आधारित मालवस्तु चेकजांच गर्ने व्यवस्था लागू गर्ने र मालवस्तु जांचपास पश्चात मूल्य पुनरावलोकन गर्ने, लेखा परीक्षण गर्ने कार्यको माध्यमबाट मात्र भंसारले नियन्त्रण कायम गर्ने गरी वर्तमान नियन्त्रण व्यवस्थाको पुनरावलोकन गर्ने | नियमित | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भंसार प्रकृया सरलीकरण कार्यक्रम | 12) भारतीय अन्तःशुल्क रकम सहज रूपमा फिर्ता प्राप्त गर्न भारतको Directorate General of Inspection, Customs and Central Excise ले तयार गरी उपलब्ध गराएको System for Nepal Refund (SNEPAR) Software मा चालु भंसार दरवन्दीलाई अध्यावधिक गर्ने<br>13) चालु भंसार दरवन्दीको अनुसूची १ को दफा २ देखि २९ सम्मका व्यवस्थाहरू अंग्रेजि भाषामा अनुवाद गर्न लगाई SNEPAR Software मा समायोजन गर्ने<br>14) पासवुक प्रणालीलाई पुनरावलोकन गर्ने<br>15) कुनै एक भंसारबाट निकासी जांचपास गराई बन्द कन्टेनरको माध्यमबाट अर्को भन्सार हुंदै निकासी गर्न पाउने प्रणाली स्थापित गरी प्रक्रियाहरू निर्धारण गर्ने<br>16) अन्य महसुल तथा दस्तुरहरूलाई क्रमशः घटाउंदै लैजाने र मूल्य अभिवृद्धि करको दायरा फराकिलो गरी करको आधारमा वृद्धि गर्न कार्यको थालनी गर्ने | नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>नियमित | 12) SNEPAR Software system अन्तर्गत डी.आर.पी. विवरण पठाउन आवश्यक परीक्षण गरी तयार गर्ने<br>13) महसुल छुटको दुरूपयोग हुन सक्ने संभाव्य क्षेत्रको पहिचान गरी त्यस्तो छुटको व्यवस्था हटाउने<br>14) महसुल छुटको व्यवस्था हटाउंदै लैजान नीति निर्माण तहलाई उचित सूचना र सल्लाह प्रदान गर्न महसुल छुटको अनुगमन गर्ने प्रणाली विकास गर्ने<br>15) महसुल छुट पाएकोमा सो को सही उपयोग भए नभएको एकिन गर्न छनौटको आधारमा चेकजांच गर्ने व्यवस्था गर्ने<br>16) अर्थमन्त्रालयसंग समन्वय गरी यस कार्यलाई निरन्तरता दिने<br>17) वर्तमान अवस्थामा चालु रहेको विभिन्न प्रकारको आयात महसुल दरलाई एकत्रित गरी एउटै दर कायम गर्न WTO को अधिकत्तम सीमांकन दरभन्दा बढी नहुने गरी मिलाउन अर्थ मंत्रालयमा सिफारीस गर्ने<br>18) वर्तमान अवस्थामा अधिकत्तम भंसार दर ४० र सो भन्दा माथि भएका वस्तुहरूमा भंसार दर घटाई अधिकत्तम ३५ [illegible] अधिकत्तम सीमांकन दरभन्दा बढी नहुने गरी मिलाउन अर्थ मंत्रालयमा सिफारीस गर्ने<br>19) निकासी महसुल दर २ देखि ४ प्रतिसतमा सीमित गर्न र परिमाणात्मक दर हटाउन अर्थ मंत्रालयसंग समन्वय गरी कार्य गर्ने | नियमित<br>नियमित<br>नियमित<br>५००<br>नियमित<br>नियमित<br>नियमित | 9) आसिकुडा प्रणाली लागू भएका भन्सारहरूबाट डी.आर.पी. को विवरण SNEPAR Software को माध्यमबाट विभागमा पठाउने व्यवस्था मिलाउने<br>10) SNEPAR प्रणालीबाट डी.आर.पी. सम्बन्धी विवरणहरू भारतीय भन्सार निर्देशनालयमा पठाउने व्यवस्थाको शुरूवात गर्ने<br>9) महसुल छुट व्यवस्थालाई हटाउने कार्यलाई निरन्तरता दिने<br>10) महसुल छुटको अनुगमन गर्ने कार्यलाई अझ विकास गर्दै लैजाने र यसबाट प्राप्त नतीजाको जानकारी नीति निर्माण तहलाई गराउने<br>11) महसुल छुटको सही उपयोग भए नभएको सम्बन्धमा कार्यस्थलमा नै गई चेकजांच गर्ने कार्यलाई निरन्तरता दिने<br>12) यस कार्यलाई निरन्तरता दिने<br>13) अर्थमन्त्रालयसंग समन्वय गरी यस कार्यलाई निरन्तरता दिने<br>14) क्रमशः घटाउंदै लैजाने<br>15) क्रमशः घटाउंदै लैजाने | नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>५००<br>नियमित<br>नियमित<br>नियमित<br>नियमित |
| | | | ३६० | | ६६६० | | १२०० |

**भंसार प्रकृया सरलीकरण कार्यक्रमका लागि अनुमानित खर्च विवरण** :

**पहिलो वर्ष :** (१) अध्ययन कार्य सम्पन्न गर्न दै.भ्र.भ. र अन्य खर्च वापत ५० हजार, (२) लामो समयसम्म टोली नै कार्यालयमा बसी परीक्षण गर्नुपर्ने भएकोले दै.भं.भ. वापत १ लाख, (३) विभाग र यथासक्य कम्प्यूटर भएका कार्यालयहरूमा उक्त CD खरीद गरी उपलब्ध गराउन ६० हजार, (४) ऐन, नियम संशोधनका लागि क्योटो कन्भेन्सनलाई नेपालीमा रूपान्तरण गर्न र सो का लागि मसलन्द खर्च समेत रू.५० हजार, (५) भंसार कार्यविधि छपाई गरी कार्यालयह र सम्वद्ध सवैलाई उपलब्ध गराउन ५० हजार, (९) परिपत्र संकलन गरी छपाई गराउन ५० हजार समेत जम्मा रू.३ लाख ६० हजार लाग्ने अनुमान ।

**दोश्रो वर्ष :** (१) भंसार कार्यालयहरूको Layout सुधार गर्न ६० लाख, (५) अध्ययन कार्यका लगि विभिन्न भंसार कार्यालयहरूमा जानुपर्ने भएकाले दै.भ्रं.भ. वापत ५० हजार, (८) ल्याव सम्वन्धी पुस्तक एवं ग्रन्थहरू खरीद गर्न ५० हजार, (९) भंसार एजेण्ट निर्देशिका छपाई गरी प्रकाशन गर्न १० हजार, (१०) भंसार सम्वन्धी सामाग्री Web site मा राख्ने व्यवस्थाका लागि ५० हजार, (१५) महसुल छुटको उपयोगीता जांच गर्न का लागि कर्मचारीहरू कार्यस्थलसम्म जानुपर्ने हुंदा दै.भ्र.भ. र इन्धन खर्च वापत रू ५ लाख समेत रू.६६ लाख ६० हजार लाग्ने अनुमान ।

**तेश्रो वर्ष :** (२) विभिन्न देशहरूबाट पैठारी हुने मालवस्तुको Effective Rate of Duty स्पष्ट संग भंसार दरवन्दीमा देखिने गरी सरल र पारदर्शी दरवन्दी किताव बनाउन ढांचा तयार गर्न र छपाइ गर्न लाग्ने ५ लाख, (४) भंसार प्रकृयाहरूलाई सरलीकरण गर्न र कम्प्यूटरमा समावेश गर्न १ लाख, (६) सरलीकरण कार्यक्रमको पुनरावलोकन र थप सरलीकरण कार्यक्रम संचालन गर्न १ लाख, (१०) महसुल छुटको अनुगमन गर्न कर्मचारीहरू खटाउंदा दै.भ्र.भ. र इन्धन वापत ५ लाख समेत रू. १२ लाख लाग्ने अनुमान ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | भंसार स्वचालन र आधुनिकीकरण कार्यक्रम | 1) आसिकुडा प्रणालीलाई पूर्ण रूपमा संचालनमा ल्याउन आवश्यक अनुसन्धान तथा परीक्षण गर्ने गराउने<br>2) विभाग र जिल्ला स्तरमा अध्ययन गरी आसिकुडाले नसमेटेका प्रकृयाहरूको एकिन गर्ने<br>3) कम्प्यूटरकृत तथ्यांक प्रशोधन गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्ने<br>4) भंसार प्रक्रियाहरूको पुनरावलोकन गर्दै भंसार आधुनिकीकरणका लागि थप क्षेत्रहरूको अध्ययन गरी एक गुरू योजना (Master Plan) तयार गर्ने<br>5) केन्द्रीय सूचना प्रणाली (WAN=Wide Area Network) को स्थापना गरी मुख्य ४ भंसारलाई यससंग जोड्ने<br>6) विभागमा भंसार स्वचालन तथा आधुनिकीकरण शाखाको स्थापना गर्ने<br>7) कम्प्यूटरकृत भंसार जांचपास प्रकृया (आसिकुडा प्रणाली) मेची, तातोपानी र कृष्णनगर भन्सारमा विस्तार गर्ने<br>8) कम्प्यूटरकृत तथ्यांक प्रशोधन कार्यका लागि आवश्यक अध्ययन समेत गरी तथ्यांकहरूको ढांचा (Computerized Statistical Format) को संरचना विकास गर्ने | ३५०<br>१२२<br>नियमित<br>नियमित<br>५५००<br>नियमित<br>४२००<br>नियमित | 1) आसिकुडा प्रणालीलाई पूर्ण रूपमा संचालनमा ल्याउने<br>2) आसिकुडाले नसमेटेका कुनै ५ भंसार प्रकृयाहरूका लागि अलग Software विकास गर्ने<br>3) केन्द्र मैं एकीकृत रूपमा कम्प्यूटरकृत तथ्यांक प्रशोधन कार्य शुरू गर्ने र WAN लाई थप ३ भंसारसंग जोड्ने<br>4) आधुनिकीकरणका लागि तयार गरिएको गुरू योजना कार्यान्वयनका लागि WCO र अन्य एजेन्सीको सहयोग प्राप्त गर्न पहल गरी कार्यान्वयन शुरू गर्ने<br>5) विद्युतीय माध्यमबाट प्रज्ञापनपत्र प्रस्तुत गर्ने (DTI=Direct Traders Input Module) व्यवस्था लागू गर्न र विद्युतीय माध्यमबाट प्रशोधन गरी निकालिएको कागजातहरूलाई कानूनी मान्यता दिन कानूनमा आवश्यक संशोधन गर्ने साथै महालेखा परीक्षकको विभागबाट ढांचा स्वीकृत गराउने | ३००<br>३०००<br>१०००<br>५०००<br>नियमित | 1) आसिकुडालाई निरन्तरता दिने गर्ने<br>2) विकास गरिएको Software को परीक्षण गरी कार्यान्वयनमा ल्याउने र थप ५ भंसार प्रकृयाहरूका लागि अलग Software विकास गर्ने<br>3) कम्प्यूटरकृत तथ्यांक प्रशोधन कार्यलाई परिमार्जन गर्दै लैजाने र WAN लाई थप ३ भंसारसंग जोड्ने<br>4) WCO र अन्य एजेन्सीको सहयोगमा भंसार आधुनिकीकरण गुरू योजनाको कार्यान्वयनलाई निरन्तरता दिने<br>5) DTI(Direct Traders Input Module) लागू गर्ने<br>6) कम्प्यूटरकृत भंसार जांचपास प्रकृया (आसिकुडा प्रणाली) नेपालगंज, धनगढी र महेन्द्रनर भन्सारमा विस्तार गर्ने<br>7) भंसारमा पेश गरिने कागजातहरूको संख्या घटाउन र कर्मचारीको स्वविवेकी अधिकार सीमित गर्न भंसारका अधिकत्तम कार्यहरूलाई कम्प्यूटरकृत गर्ने र कम्प्यूटरको पूर्ण प्रयोग गर्ने व्यवस्था मिलाउने | ५००<br>३४००<br>१०००<br>५०००<br>२०००<br>६०००<br>नियमित |
| | | | १०१७२ | | ९३०० | | १७९०० |

**भंसार स्वचालन र आधुनिकीकरण कार्यक्रमका लागि अनुमानित खर्च विवरण :**

**पहिलो वर्ष :** (१) आसिकुडालाई पूर्ण रूपमा संचालनमा ल्याउन अनुसन्धान तथा परीक्षण कार्यका लागि विशेषज्ञको सेवा लिने कार्य, कार्यालयहरूमा भ्रमण गर्दाको भ्रमण खर्च ३ लाख ५० हजार, (२) आसिकुडाले नसमेटेका प्रकृयाहरूको एकिन गर्न कार्यालयहरूको भ्रमण गर्नुपर्ने भएकोले दै.भ्र.भ. र सवारी इनधन वापत १ लाख २२ हजार, (५) केन्द्रीय सूचना प्रणलीको स्थापना गर्न बैदेशिक सहयोगबाट ५२ लाख र इमेल खर्ख वापत ३ लाख समेत ५५ लाख, (७) तीन भंसारमा आसिकुडा विस्तार गर्न बैदेशिक सहयोगबाट ४२ लाख समेत गरी रू. १ करोड १ लाख ७२ हजार अनुमान ।

**दोश्रो वर्ष :** (१) आसिकुडा सम्बन्धी थप अनुसन्धान, परीक्षण, तालीम गराउन वापत र दै.भ्र.भ. वापत ३ लाख, (२) आसिकुडाले नसमेटेका प्रकृयाहरूका लागि Sub system बनाउनका लागि Software विकास गर्न ३० लाख, (३) WAN लाई ३ ठाउंमा विस्तार गर्न रू.५ लाख र केन्द्रीकृत तथ्यांक तयार गर्न जिल्लाहरूबाट इमेल मार्फत डाटाहरू केन्द्रसम्म पठाउन तथा केन्द्रवाट सूचना संप्रेषण गर्नका लागि ५ लाख समेत रू.१० लाख, (४) आधुनिकीकरण गुरू योजनाको कार्यान्वयन शुरू गर्न रू.५० लाख समेत रू.९३ लाख अनुमान ।

**तेश्रो वर्ष :** (१) आसिकुडालाई निरन्तरता दिन र विस्तार गर्न अनुगमन कार्यका लागि मात्र ५ लाख, (२) Sub system को परीक्षण गर्न विशेषज्ञको खर्च र कार्यालयहरूमा आउने जाने दै.भ्र.भ. वापत ४ लाख र Software विकास गर्न ३० लाख, (३) WAN लाई ३ ठाउंमा विस्तार गर्न रू.५ लाख र जिल्ला भंसार केन्द्र वीच सूचना आदानप्रदान गर्न इमेल वापत ५ लाख समेत १० लाख, (४) भंसार आधुनिकीकरण कार्यलाई निरन्तरता दिन ५० लाख (५) DTI लागू गर्न कम्प्यूटर तथा सहायक सामाग्री खरीद गर्न २० लाख, (६) तीन भन्सारमा आसिकुडा विस्तार गर्न ६० लाख समेत रू .१ करोड ७९ लाख अनुमान ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | जोखिम व्यवस्थापन कार्यक्रम | 1) छनौट प्रणालीमा आधारित जांचपास प्रणाली लागू गर्न छनौट प्रणालीको प्रकृया र आधारहरू विकास गर्ने र जोखिम व्यवस्थापन सम्वन्धमा अध्ययन गर्न स्वदेशी विशेषज्ञको सेवा लिई प्रतिवेदन तयार गर्ने<br>2) विभागमा जोखिम व्यवस्थापन संरचना तयार गर्ने<br>3) जोखिमका प्रमुख क्षेत्रहरू पहिचान एवं छनौट गर्ने (अलग अलग भंसारको अलग अलग रूपमा) | ७०० <br>नियमित<br>२०० | 1) जोखिम विश्लेषण गर्ने<br>2) जोखिमका क्षेत्रमा टार्जेटिड० गर्ने<br>3) जोखिम विश्लेषणको आधार, मापदण्ड र तरीका तय गर्ने अधिकार भंसार महानिर्देशकमा रहने गरी कानून परिमार्जन गर्ने<br>4) प्रमुख ४ भंसारहरूमा जोखिम व्यवस्थापन प्रणाली लागू गर्ने<br>5) जोखिम पहिचान तथा छनौट कार्यलाई निरन्तरता दिने | नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>२०० | 1) जोखिम विश्लेषण गर्ने<br>2) जोखिमका क्षेत्रमा टार्जेटिड० गर्ने<br>3) सम्पन्न कार्यहरूको पुनरावलोकन गरी अघि बढ्ने रणनीति तय गर्ने<br>4) जोखिम व्यवस्थापन प्रणालीलाई अन्य भंसारहरूमा विस्तार गर्ने<br>5) थप जोखिमका क्षेत्रहरू पहिचान गरी छनौट गर्ने | नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>२०० |
| | | | ९०० | | २०० | | २०० |

**<u>जोखिम व्यवस्थापन कार्यक्रमका लागि अनुमानित खर्च विवरण :</u>**

**<u>पहिलो वर्ष :</u>** (१) अध्ययन प्रतिवेदन तयार गर्न विशेषज्ञ सेवा वापत ७ लाख, (३) जोखिमका क्षेत्र पहिचान गर्न अलग अलग भंसारको भ्रमण गर्नुपर्ने भएकाले दै.भ्रंभ. वापत २ लाख समेत रू. ९ लाख अनुमान ।

**<u>दोश्रो वर्ष :</u>** (५) जोखिमका क्षेत्रहरू पहिचान गर्न भ्रमण गर्नुपर्दाको दै.भ्र.भ. खर्च र अन्य अनुसन्धान खर्चका लागि २ लाख खर्च अनुमान, अन्य कार्यहरू नियमित बजेटबाट नै सम्पन्न गर्ने ।

**<u>तेश्रो वर्ष :</u>** (५) भंसार कार्यालयहरूको भ्रमण गरी थप जोखिमका क्षेत्र छनौट गर्न दै.भ्र.भ. र अन्य अनुसन्धान खर्च वापत २ लाख अनुमान ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | भौतिक संरचनामा सुधार कार्यक्रम | 1) भौतिक संरचना सुधारका लागि विस्तृत अध्ययन गरी कार्यक्रम तयार गर्ने | नियमित | 1) अध्ययनको आधारमा भौतिक संरचनामा सुधार कार्य शुरूवात गर्न बैदेशिक सहयोग जुटाउन पहल गर्ने | अध्ययनको आधारमा | 1) अध्ययनको आधारमा भौतिक संरचनामा सुधार गर्ने कार्यलाई निरन्तरता दिने | अध्ययनको आधारमा |
| | | 2) भवन निर्माण | २०० | 2) भवन निर्माण (भं.वि.को लागि नयां भवन निर्माण गर्न जग्गा खरीद समेत) | ३०००० | 2) भवन निर्माण (भं.वि.को लागि नयां भवन निर्माण समेत) | ४०००० |
| | | 3) भवन मर्मत सुधार | ४६५ | 3) भवन मर्मत सुधार (त्रि.वि.भंसारको Layout सुधार समेत) | ४००० | 3) भवन मर्मत सुधार | ४००० |
| | | 4) मेसिनरी, इकवीपमेण्ट, मोटर, फर्निचर आदि मर्मत | २३५ | 4) मेसिनरी, इकवीपमेण्ट, मोटर, फर्निचर आदि मर्मत | ३००० | 4) मेसिनरी, इकवीपमेण्ट, मोटर, फर्निचर आदि मर्मत | ३००० |
| | | 5) यार्ड सुधार | ७५०० | 5) यार्ड सुधार | २०००० | 5) यार्ड सुधार | ३०००० |
| | | 6) एयरपोर्टमा १ वटा एक्स रे को व्यवस्था | ५००० | 6) वीरगंजमा एक्स रे को व्यवस्था | ३०००० | 6) भैरहवामा एक्स रे को व्यवस्था | ३०००० |
| | | 7) केन्द्रमा थप ल्याव उपकरणको व्यवस्था | ५९० | 7) वीरगंजमा सानो ल्याव स्थापना गरी सामान्य टेष्ट उपकरणको व्यवस्था र केन्द्रमा ल्याव उपकरण थप | ३००० | 7) विराटनगर र भैरहवामा ल्याव स्थापना गरी सामान्य टेष्ट उपकरणको व्यवस्था | ६००० |
| | | 8) मेसिनरी औजार, इकवीपमेण्ट खरीद | २८० | 8) मेसिनरी औजार इकवीपमेण्ट खरीद | २००० | 8) मेसिनरी औजार इकवीपमेण्ट खरीद | ८००० |
| | | 9) SNEPAR प्रणाली कार्यान्वयनको लागि विभाग मा आवश्यक कम्प्यूटर, प्रिन्टर, फ्याक्स,फोटोकपी मेसिन र अन्य आवश्यक यन्त्र उपकरणहरूको व्यवस्था गर्ने | ८०० | 9) यात्रु जांचपास कक्षलाई न्यूनतम भौतिक उपकरणहरू उपलव्ध गराउने | २००० | 9) यात्रु जांचपास कक्षलाई न्यूनतम भौतिक उपकरणहरू उपलव्ध गराउने | ३००० |
| | | 10) आसिकुडाको लागि कार्यालयहरूमा थप इकवीपमेण्टको व्यवस्था | २५२४ | 10) आसिकुडाको लागि कार्यालयहरूमा थप इकवीपमेण्टको व्यवस्था | ३००० | 10) आसिकुडाको लागि कार्यालयहरूमा थप इकवीपमेण्टको व्यवस्था | ३७०० |
| | | 11) भैरहेको कम्प्यूटर इक्वीपमेण्टको मर्मत सुधार गर्ने | ५५४ | 11) भैरहेको कम्प्यूटर इक्वीपमेण्टको मर्मत सुधार गर्ने | ६६४ | 11) भैरहेको कम्प्यूटर इक्वीपमेण्टको मर्मत सुधार गर्ने | ८०० |
| | | | | 12) गस्ति परिचालन तिव्र तुल्याउन मोटर खरीद | १५००० | 12) गस्ति परिचालन तिव्र तुल्याउन मोटर खरीद | २०००० |
| | | | १८१४८ | | ११२६६४ | | १४८५०० |

**भौतिक संरचनामा सुधार कार्यक्रमका लागि अनुमानित खर्च विवरण :**

**पहिलो वर्ष :** (२) निर्माण भैरहेको भवन निर्माण पूरा गर्न २ लाख, (३) पूराना भवन मर्मत सुधार ४ लाख ६५ हजार, (४) पूराना मेसिनरी, इकवीपमेण्ट, मोटर, फर्निचर आदि मर्मत गर्न २ लाख ३५ हजार, (५) यार्ड सुधार र कम्पाउण्ड वाल निर्माण गर्न ७५ लाख, (६) एयरपोर्टमा १ वटा एक्स रे को व्यवस्था गर्न ५० लाख, (७) केन्द्रमा थप ल्याव उपकरणको व्यवस्था गर्न ५ लाख ९० हजार, (८) मेसिनरी औजार इकवीपमेण्ट खरीद २ लाख ८० हजार, (९) SNEPAR प्रणाली कार्यान्वयनको लागि उपकरणहरूको व्यवस्था गर्न ८ लाख, (१०) आसिकुडाको लागि कार्यालयहरूमा थप इकवीपमेण्टको व्यवस्था गर्न २५ लाख २४ हजार, (११) भैरहेको इकवीपमेण्टको मर्मत सुधार गर्न ५ लाख ५४ हजार समेत रू.१ करोड ८१ लाख ४८ हजार र्ख अनुमान ।

**दोश्रो वर्ष :** (२) ४ स्थानमा भवन निर्माण गर्न २ करोड र भं.वि. को लागि नयां भवन निर्माणका लागि जग्गा खरीद गर्न १ करोड समेत रू.३ करोड, (३) पूराना भवन मर्मत सुधार गर्न र त्रि.वि.स्थल भंसारको कार्गो भवनको Layout सुधार गर्न समेत ४० लाख, (४) पूराना मेसिनरी, इकवीपमेण्ट, मोटर, फर्निचर आदि मर्मत गर्न ३० लाख , (५) ४ स्थानमा यार्ड सुधार तथा निर्माण गर्न २ करोड, (६) वीरगंजमा १ वटा एक्स रे को व्यवस्था गर्न ३ करोड, (७) केन्द्रमा र वीरगंजमा ल्याव उपकरणको व्यवस्था गर्न ३० लाख, (८) मेसिनरी औजार इकवीपमेण्ट खरीद २० लाख,(९) यात्रु जांचपास कक्षलाई न्यूनतम भौतिक उपकरणहरू उपलव्ध गराउन २० लाख, (१०) आसिकुडाको लागि कार्यालयहरूमा थप इकवीपमेण्टको व्यवस्था गर्न ३० लाख , (११) भैरहेको इकवीपमेण्टको मर्मत सुधार गर्न ६ लाख ६४ हजार, (१२) गस्ति परिचालन सुव्यवस्थित तुल्याउन मोटर खरीद गर्न १ करोड ५० लाख समेत रू. ११ करोड २६ लाख ६४ हजार लाग्ने अनुमान ।

**तेश्रो वर्ष :** (२) ४ स्थानमा भवन निर्माण गर्न ३ करोड र भं.वि. का लागि नयां भवन निर्माण गर्न १ करोड समेत ४ करोड, (३) पूराना भवन मर्मत सुधार ४० लाख, (४) पूराना मेसिनरी, इकवीपमेण्ट, मोटर, फर्निचर आदि मर्मत गर्न ३० लाख , (५) ४ स्थानमा यार्ड सुधार तथा निर्माण गर्न ३ करोड, (६) भैरहवामा १ वटा एक्स रे को व्यवस्था गर्न ३ करोड, (७) विराटनगर र भैरहवामा ल्याव उपकरणको व्यवस्था गर्न ६० लाख, (८) मेसिनरी

औजार इकवीपमेण्ट र  वीरगंजमा वेब्रीज खरीद गर्न ८० लाख, (९) यात्रु जांचपास कक्षलाई न्यूनतम भौतिक उपकरणहरू उपलव्ध गराउन ३० लाख, (१०) आसिकुडाको लागि कार्यालयहरूमा थप इकवीपमेण्टको व्यवस्था गर्न ३७ लाख , (११) भैरहेको इकवीपमेण्टको मर्मत सुधार गर्न ८ लाख, (१२) गस्ति परिचालन सुव्यवस्थित तुल्याउन मोटर खरीद गर्न २ करोड समेत रू. १४ करोड ८५ लाख लाग्ने अनुमान ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | भंसार स्वच्छता विकास र प्रशासनिक सुधार कार्यक्रम | 1) प्रशासनिक संरचना पुनरावलोकन गरी प्रतिवेदन तयार गर्ने<br>2) नागरिक वडापत्रको विकास गर्ने<br>3) उरूसा घोणापत्र अनुरूपको कमर्चारी आचार संहिता निर्माण गर्ने<br>4) कर्मचारीको सरूवा, बढुवा सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने र कर्मचारीहरूमा कामप्रति उत्प्रेरणा जगाउने कार्यक्रम ल्याउने<br>5) प्रभावकारी व्यवस्थापनका लागि विभागलाई जनशक्ति र वित्तिय साधनको क्षेत्रमा पर्याप्त स्वायत्तता दिन र उत्तरदायित्व वहन गराउन अर्थ मंत्रालयसंग समन्वय गरी कार्य गर्ने<br>6) योजना, उद्देश्य, लक्ष्यको साथसाथै कार्य सम्पादन परिसूचक र सो को मापन तरीका समेतमा आधारित कार्यसम्पादन व्यवस्थापन प्रणालीको विकास गरी लागू गर्ने<br>7) भंसार सुधारलाई निर्देश गर्न, प्रगति अनुगमन गर्न र कार्यान्वयन तहमा सहयोग पुर्‍याउन एक भंसार सुधार तथा आधुनिकीकरण निर्देशक समिति गठन गर्ने<br>8) कार्यालय समयभन्दा वढी एवं विदाको दिनमा काम गरेको अतिरिक्त सुविधाको व्यवस्था सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने<br>9) भंसारले गर्ने कार्यहरूको सवै पक्षलाई समेट्ने गरी कार्यालयहरूको निरीक्षण तथा अनुगमन कम्तिमा ६ महीनामा एक पटक अनिवार्य रूपमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने<br>10) मूल भंसार कार्यालयहरूले छोटी भंसार कार्यालयहरूको निरीक्षण तथा अनुगमन कम्तिमा महीनाको एक पटक अनिवार्य रूपमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने | १००<br>नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>१००<br>नियमित<br>नियमित | 1) प्रतिवेदनको आधारमा प्रशासनमा पुनरसंरचना गर्ने<br>2) नागरिक वडापत्र लागू गर्ने<br>3) कमर्चारी आचार संहिता लागू गर्ने<br>4) प्रशासनिक सुधार लागू गर्ने<br>5) अधिकृतमूलक प्रशासनिक संरचनाको विकास गर्ने<br>6) भन्सार स्वच्छताको लागि विदा तथा अतिरिक्त सुविधा सम्बन्धी प्रतिवेदन लागू गर्ने<br>7) चोरी निकासी तथा पैठारी नियन्त्रण गर्न दक्ष तालीम प्राप्त भंसार गार्डको व्यवस्था गर्न आवश्यक नियमको तर्जुमा गर्ने<br>8) मालवस्तुको भौतिक परीक्षण गर्नका लागि आसिकुडा लागू भएका भंसारहरूमा जांचकीको छनौट कम्प्यूटरको माध्यमबाट गर्ने र अन्य कार्यालयहरूमा Random Selection व्दारा जांचकी छनौट गर्ने व्यवस्था गर्ने<br>9) आयातकर्ता वा निर्यातकर्ताको विषयमा भंसारमा उपलब्ध कम्प्यूटरकृत तथ्यांक एवं सूचना आन्तरिक राजश्व विभागसंग विनिमय गर्ने व्यवस्था मिलाउने | अध्ययनको आधारमा<br>नियमित<br>नियमित<br>नियमित<br>नियमित<br>५००००<br>नियमित<br>नियमित<br>नियमित | 1) पहिले भैरहेका कार्यहरूलाई निरन्तरता दिने<br>2) पहिले भएका सुधार कार्यहरूको पुनरावलोकन गरी थप कार्यकमको निर्धारण गर्ने<br>3) भन्सार स्वच्छताको लागि विदा तथा अतिरिक्त सुविधा सम्बन्धी प्रतिवेदन लागू गने<br>4) भन्सार गार्डको नियुक्ति तथा तालीमको व्यवस्था गर्ने<br>5) कुनै पनि विषयमा आफूले निर्णय लिने र नीति निर्माण तहमा उचित सूचना एवं सल्लाह प्रदान गर्न भंसार प्रमुखहरूलाई सक्षम तुल्याउन Management Information System को पर्याप्त विकास गर्ने | नियमित<br>नियमित<br>५००००<br>अध्ययनको आधारमा<br>३००० |
| | | | २०० | | ५०००० | | ५३००० |

**<u>भंसार स्वच्छता विकास कार्यक्रमका लागि अनुमानित खर्च विवरण :</u>**

**पहिलो वर्ष :** (१) प्रशासनिक संरचना पुनरावलोकन गरी प्रतिवेदन तयार गर्न सवै भंसारको भ्रमण गर्नुपर्ने भएकाले दै.भ्रंभ. वापत १ लाख, (८) कार्यालयहरूको निरीक्षण तथा अनुगमन गर्न बरावर भंसारको भ्रमण गर्नुपर्ने भएकाले दै.भ्रंभ. वापत १ लाख समेत रू. २ लाख लाग्ने अनुमान ।

**दोश्रो वर्ष :** (१) प्रशासनमा पुनरसंरचना गर्न आवश्यक रकम अध्ययनको आधारमा हुने, (६) भंसार स्वच्छताका लागि विदा तथा अतिरिक्त सुविधा सम्बन्धी प्रतिवेदनका आधारमा लाग्ने खर्च अनुमान ५ करोड र अन्य काम नियमित बजेट बाटै हुने ।

**तेश्रो वर्ष :** (३) भन्सार स्वच्छताको लागि विदा तथा अतिरिक्त सुविधा सम्बन्धी प्रतिवेदन अनुसारको सुविधालाई निरन्तरता दिन ५ करोड, (४) भन्सार गार्डको नियुक्ति तथा तालीमको व्यवस्था गर्न लाग्ने रकम अध्ययनको आधारमा हुने, (५) Management Information System को विकास गर्ने हरेक कार्यालयका लागि इकवीपमेण्ट खरीद गर्न ३० लाख समेत रू. ५ करोड ३० लाख लाग्ने अनुमान र अन्य काम नियमित बजेट बाटै हुने ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | मानव संसाधन विकास कार्यक्रम | 1) WAN संचालन सम्बन्धमा र छनौट प्रणाली (Slectivity Module) सम्बन्धमा तालीम दिने<br>2) आसिकुडा सम्बन्धी जनचेतना जगाउनतालीम दिने<br>3) तालीम कार्यक्रमलाई सुदृढ तुल्याउन समष्टिगत जनशक्ति आवश्यकताको आंकलन (Manpower Planing) गरी दीर्घकालिन तालीम कार्यक्रम तर्जुमा गर्ने<br>4) देहायका विषयमा तालीम पाठ्यक्रम विकास गर्ने<br>• मूल्यांकनको क्षेत्रमा<br>• भंसार प्रकृयाको क्षेत्रमा<br>• सूचना प्रविधिको क्षेत्रमा (आसिकुडा + DTI समेत)<br>• Investigation and Intelligence को क्षेत्रमा<br>• वस्तु वर्गीकरणको क्षेत्रमा<br>• स्वच्छता, व्यवहार र आचरणको क्षेत्रमा<br>• छनौट प्रणाली र जोखिम व्यवस्थपानको क्षेत्रमा<br>5) देहायका वियषयमा प्रविधिक सहयोग उपलव्ध गर्ने :<br>• भंसार सम्बन्धी तालीम प्रणाली विकास गर्न<br>• सबै विषयमा एकीकृत तालीम संचालन गर्न | ६००<br>१५०<br>नियमित<br>१००<br>TA | 1) मूल्यांकन कार्यलाई अफ प्रभावकारी रूपमा सम्पादित गर्न भंसार कर्मचारीहरूलाई सक्षम तुल्याउन मूल्यांकन सम्बन्धी तालीम उपलव्ध गराउने<br>2) Post Release Valuation Review को तायारीका लागि भंसार कर्मचारीहरूलाई विशेष तालीमको आयोजना गर्ने<br>3) लेखा र लेखा परीक्षण सम्बन्धी दक्षतायुक्त कर्मचारीहरूको नियुक्ति गर्ने र Post Release Review का लागि जिम्मेवारयुक्त तुल्याउन वर्तमान कार्मचारीहरूलाई तालीम प्रदान गर्ने<br>4) HS Classification, Valuation, Post Release Review र Post Release Audit को क्षेत्रमा विशेष तालीम संचालन गर्ने लगायत सम्पूर्ण तालीम प्रणालीको सुदृढीकरण गर्ने<br>5) पाठ्यक्रम विकास गरिका सवै क्षेत्रमा तालीम संचालन (राष्ट्रिय स्तरमा) सघन रूपमा गर्ने<br>6) वैदेशिक तालिमको व्यवस्थाका लागि पहल गर्ने<br>7) विदेशमा भंसार जांचपास सम्बन्धी व्यवस्थाको अध्ययन गर्न अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाउने<br>8) जनशक्ति विकासको पुनरावलोकन गर्ने<br>9) मूल्यांकन सम्बन्धमा आफ्नो अधिकार र कर्त्तव्य वोध गराउन भंसार एजेन्ट र व्यापारीहरूलाई तालीम वा सेमिनार आयोजना गर्ने<br>10) उपरोक्त सवै कार्यका लागि आवश्यक विशेषज्ञको सेवा उपलव्ध गर्ने | TA<br>TA<br>TA<br>TA<br>२०००<br>+TA<br>नियमित<br>TA<br>नियमित<br>१५०<br>TA | 1) जनशक्ति विकासका लागि स्वदेशी तथा विदेशी तालीम कार्यक्रमलाई निरन्तरता दिने<br>2) पुनरावलोकनको आधारमा थप जनशक्ति विकास कार्यक्रम ल्याउने<br>3) मूल्यांकन सम्बन्धमा आफ्नो अधिकार र कर्त्तव्य वोध गराउन भंसार एजेन्ट र व्यापारीहरूलाई तालीम वा सेमिनार आयोजना गर्ने कार्यलाई निरन्तरता दिने | २०००<br>+ TA<br>नियमित<br>१५० |
| | | | ८५० | | २१५० | | २१५० |

**मानव संसाधन विकास कार्यक्रमका लागि अनुमानित खर्च विवरण :**

**पहिलो वर्ष :** (१) WAN संचालन सम्बन्धमा तालीम र छनौट प्रणाली (Slectivity Module) सम्बन्धी तालीमका लागि खर्च अनुमान ६०० लाख, (२) कर्मचारी, भंसार एजेन्ट, उद्योगी, व्यापारी आदिलाई आसिकुडा सम्बन्धी तालीम दिन १ लाख ५० हजार, (४) तालीम पाठ्यक्रम विकास गर्न १ लाख समेत रू. ८ लाख ५० हजार लाग्ने अनुमान साथै अरू सवै काम नियमित बजेट बाटै हुने ।

**<u>दोश्रो वर्ष :</u>** (५) पाठ्यक्रम विकास गरिका सवै क्षेत्रमा तालीम संचालन (राष्ट्रिय स्तरमा) गर्न २० लाख, (९) मूल्यांकन सम्बन्धमा आफ्नो अधिकार र कर्त्तव्य वोध गराउन भंसार एजेन्ट र व्यापारीहरूलाई तालीम वा सेमिनार आयोजना गर्न १ लाख ५० हजार समेत रू. २१ लाख ५० हजार लाग्ने अनुमान साथै अरू काम बैदेसिक प्राविधिक सहयोग र नियमित बजेट बाटै हुने ।

**<u>तेश्रो वर्ष :</u>** (१) स्वदेशी तालीम कार्यक्रमलाई निरन्तरता दिन २० लाख लाग्ने, (३) मूल्यांकन सम्बन्धमा आफ्नो अधिकार र कर्त्तव्य वोध गराउन भंसार एजेन्ट र व्यापारीहरूलाई तालीम वा सेमिनार आयोजना गर्न १ लाख ५० हजार समेत रू. २१ लाख ५० हजार लाग्ने अनुमान साथै अरू काम बैदेसिक प्राविधिक सहयोग र नियमित बजेट बाटै हुने ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | यात्रु जांचपास सरलीकरण कार्यक्रम | 1) त्रि.वि. स्थल भंसार कार्यालयको यात्रु अगमन कक्ष र जिल्ला स्थित मुख्य भंसार कार्यालयहरूको यात्रु शाखामा यात्रु जांचपास प्रकृयालाई सरल तुल्याउन अध्ययन गर्ने<br>2) यात्रु जांचपासमा समयवद्ध जांचपास संयन्त्रको विकास गर्ने<br>3) अनुगमन संयन्त्रको विकास गर्ने | नियमित<br><br><br><br>नियमित<br><br>नियमित | 1) त्रि.वि. स्थल भंसार कार्यालयको यात्रु अगमन कक्ष र विराटनगर, वीरगंज र भैरहवा भंसार कार्यालयहरूको यात्रु शाखामा यात्रु जांचपास प्रकृयाको Software बनाई कम्प्यूटरकृत गर्ने<br>2) यात्रु जांचपासमा समयवद्ध जांचपास संयन्त्र लागू गर्ने<br>3) अनुगमन संयन्त्र लागू गर्ने | ३००० <br><br><br><br>नियमित<br><br>नियमित | 1) यात्रु जांचपास प्रकृयालाई आसिकुडा प्रणाली लागू भएका अन्य ३ कार्यालयहरूमा विस्तार गर्ने<br>2) समयवद्ध जांचपास संयन्त्र र अनुगमन संयन्त्रकको पुनरावलोकन गर्ने | १२००<br><br><br>नियमित |
| | | | | | ३००० | | १२०० |

**यात्रु जांचपास सरलीकरण कार्यक्रमका लागि अनुमानित खर्च विवरण :**

**पहिलो वर्ष :** (१) सवै काम नियमित बजेट बाटै हुने ।

**दोश्रो वर्ष :** (१) यात्रु शाखामा यात्रु जांचपास प्रकृयाको Software बनाई कम्प्यूटरकृत गर्न परीक्षण कार्यका लागि परामर्श सेवा र दै.भ्र.भ. वापत २ लाख साथै कम्प्यूटर, सर्भर खरीद गर्न २८ लाख समेत रू. ३० लाख लाग्ने अनुमान ।

**तेश्रो वर्ष :** (३) यात्रु शाखामा यात्रु जांचपास प्रकृयाको Software लाई अन्य ३ कार्यालयहरूमा विस्तार गर्न परीक्षण कार्यका लागि परामर्श सेवा र दै.भ्र.भ. वापत २ लाख साथै कम्प्यूटर, सर्भर खरीद गर्न १० लाख समेत रू. १२ लाख लाग्ने अनुमान ।

| | | कुल खर्च अनुमान रू.हजारमा | प्रथम वर्ष | व्दितीय वर्ष | तृतीय वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|
| ९. | कोष व्यवस्था | | ३१६५० | १८५२१९ | २२७३९५ | ४४४२६४ |
| १०. | खर्च व्यहोर्ने श्रोत | श्री ५ को सरकार<br>बैदेशिकसहयोग | ३१६५०<br>– | १८५२१९<br>– | २२७३९५<br>– | ४४४२६४<br>– |

**द्रष्टव्य :**

(१) पहिलो वर्षका लागि खर्च अनुमान गरिएको रू. ३ करोड १६ लाख ५० हजार मध्ये आसिकुडा आयोजना मार्फत विश्व वैंकको ऋण सहयोगबाट रू. १ करोड ४ लाख ६० हजार खर्च व्यहोर्ने अनुमान गरिएकोमा तर उक्त आयोजनाको अवधि थप नभएको हुंदा उक्त रकम श्री ५ को सरकारका तर्फबाट खर्च हुने रू. ३ करोड १६ लाख ५० हजार मध्ये चालु आ.व. मा स्वीकृत भएको खर्च वाहेकको रकम थप निकासा हुनुपर्ने देखिन्छ ।

(२) दोश्रो वर्षका लागि प्रारम्भिक खर्च अनुमान गरिएको रू. १८ करोड ५२ लाख १९ हजार र सो वाहेक भौतिक संरचना सुधारका लागि, प्रशासनिक पुनरसंरचना कार्यका लागि र आधुनिकीकरण कार्यका लागि थप अध्ययन गरी प्राप्त प्रतिवेदनका आधारमा लाग्ने खर्चका लागि समेत श्री ५ को सरकारको तर्फबाट व्यहोर्नु पर्ने अथवा वैदेशिक सहयोगका लागि पहल गर्नुपर्ने र सो बमोजिम रकम प्राप्त भएमा मात्र कार्य सम्पन्न हुने देखिन्छ ।

(३) तश्रो वर्षका लागि खर्च अनुमान गरिएको रू. २२ करोड ७३ लाख ९५ हजार र सो वाहेक भौतिक संरचना सुधारका लागि र भंसार गार्ड नियुक्ति तथा तालीमका लागि समेत अध्ययन प्रतिवेदनका आधारमा लाग्ने खर्च श्री ५ को सरकारको तर्फबाट व्यहोर्नु पर्ने अथवा वैदेशिक सहयोगका लागि पहल गरिनु पर्ने र सो वमोजिम रकम प्राप्त भएमा मात्र कार्य सम्पन्न हुने देखिन्छ ।

(४) उपर्युक्त वाहेक भंसार प्रकृयाहरूको सरलीकरण, मूल्यांकन सरलीकरण, छनौट प्रणाली तथा जोखिम व्यवस्थापन, आधुनिकीकरण एवं Computerization कार्यका लागि तथा जनशक्ति विकास (Trainer's training) समेतका लागि वैदेशिक तालीम, अध्ययन भ्रमण एवं वैदेशिक तथा स्वदेशी परामर्श सहयोग समेत आवश्यक पर्ने भएकोले त्यस तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

(५) यस तीन वर्षे कार्ययोजनामा विश्व बैंकले अध्ययन गरी दिएको Trade and Competitiveness Study नामक मस्यौदा प्रतिवेदन साथै अन्तराष्ट्रिय मुद्रा कोषले अध्ययन गरी दिएको Next Step in Tax Reform नामक मस्यौदा प्रतिवेदन र सो पश्चात पुनः अन्तराष्ट्रिय मुद्रा कोषको दोश्रो मिसनले दिएको मस्यौदा प्रतिवेदनमा उल्लेखित सुझाव एवं सिफारीसहरूलाई समेत समावेश गरिएको छ।